शिवराज नगरपालिका नगर कार्यपालिकाको आ.व.२०८३/०८४ को तेश्रो बैठक आज मिति २०८३।०६।१४ गतेका दिन शिवराज नगरपालिकाका नगर प्रमुख श्री अजय थापाज्यूको अध्यक्षतामा निम्न उपस्थितिमा कार्यपालिकाको बसी देहायका निर्णयहरु गरियो।

उपस्थिति

श्री अजय थापा	नगर प्रमुख
श्री शिव कुमारी चौधरी	उप प्रमुख
श्री खिम विक्रम के.सी.	वडाध्यक्ष
श्री राम बहादुर चौधरी	वडाध्यक्ष
श्री टेकलाल सापकोटा	वडाध्यक्ष
श्री नसिम अहमद खाँ	वडाध्यक्ष
श्री नेत्र प्रसाद बेल्वासे	वडाध्यक्ष
श्री माहेताव आलम खाँ	वडाध्यक्ष
श्री अनुप कुमार चौधरी	वडाध्यक्ष
श्री रिजवान अहमद	वडाध्यक्ष
श्री राम गोपाल चौधरी (थारु)	वडाध्यक्ष
श्री मन्जु मिश्र	वडाध्यक्ष
श्री रमेश्वर प्रसाद वर्मा	वडाध्यक्ष
श्री बुद्धिकला भण्डारी	सदस्य
श्री गंगा घर्ती मगर	सदस्य
श्री विष्णु कुँवर पाण्डे	सदस्य
श्री हेवान्चली चमार	सदस्य
श्री खगी सुनार	सदस्य
श्री सन्त कुमार धोवी	सदस्य
श्री प्रेम बहादुर सुनार	सदस्य
श्री सिमरन वि.क.	सदस्य
श्री पिताम्बर पाण्डे	सदस्य-सचिव

श्री कन्हैराम अहिर — वडा सदस्य

निर्णयहरु :

निर्णय नं.१ : वडा नं.३ र ४ लाई बालमैत्री स्थानीय शासन घोषणाको तयारी सम्बन्धमा : शिवराज नगरपालिकाले वि.सं. २०७५ सालदेखी यस पालिकालाई बालमैत्री स्थानीय शासनयुक्त पालिका घोषणा गर्ने प्रतिबद्दता अनुसार वडा नं.१,२ र ९ लाई बालमैत्री वडा घोषणा गरिसकिएको र सो को निरन्तरता दिँदै यस पालिकालाई बालमैत्री स्थानीय शासन घोषणाको अभियान अन्तरगत यस आ.ब.०८३।०८४ मा वडा नं.३ र ४ लाई बालमैत्री स्थानीय शासन घोषणाको लागि आवश्यक प्रकृया एवं बाँकी सुचकहरु पुरा गराउने तथा बालमैत्री स्थानीय शासन घोषणा कार्यविधि २०७९ बमोजिमका आवश्यक क्रियाकलाप संचालन गर्नगराउनको लागि सम्बन्धित वडा एवं महिला तथा बालबालिका शाखाबाट थप सक्रियता र पहल गरि शिघ्र घोषणाका लागि पुन:पेश गर्ने निर्णय गरियो।

निर्णय नं.२: माग आकृति फारम पठाउने सम्बन्धमा : प्रदेश लोकसेवा आयोग,लुम्बिनी प्रदेश,बुटवलको च.नं.२२६ मिति २०८३।०५।३१ को प्राप्त पत्रानुसार यस कार्यालयमा रिक्त रहेका देहायबमोजिमका पदहरुको माग आकृति फारम भरि पठाउने साथै गत आ.ब.मा समेत माग गरिएकोमा हाल सम्म पनि सिफारिस भई नआएको हुँदा पुन: गत वर्षको मागलाई पुन:माग गरि पठाउने निर्णय गरियो ।

क्र.सं.	सेवा/समूह	तह	पद	संख्या	कै.
१.	प्रशासन/सामान्य प्रशासन	५	प्रशासन सहायक	४	
२.	कृषि/ ला.पो.डे.डे.	४	नायव पशु सेवा प्राविधिक	२	
३.	कृषि/ ला.पो.डे.डे.	७	पशु विकास अधिकृत	१	

निर्णय नं.३: "घ" वर्गको निर्माण व्यवसाय इजाजत पत्र सम्बन्धी कार्यविधि २०७६ लाई संशोधन सम्बन्धमा : शिवराज नगरकार्यपालिकाले बनाएको "घ" वर्गको निर्माण व्यवसाय इजाजत पत्र सम्बन्धी कार्यविधि २०७६ लाई आवश्यक संशोधन गर्न विधेयक समितिबाट पारित भई आएको **"घ" वर्गको निर्माण व्यवसाय इजाजत पत्र सम्बन्धी कार्यविधि(दोस्रो संशोधन) २०८३** स्वीकृत गरि लागु गर्ने निर्णय गरियो।

निर्णय नं.४: भूमिहिन सम्बन्धी आवश्यक कार्यहरुको लागि सूचना प्रकाशन र पत्राचार सम्बन्धमा :

- शिवराज नगरपालिका अन्तरगतका भूमिहिनहरुको सम्बन्धमा भएका **तपशिल बमोजिमका** क्रियाकलापहरु एवं विवरणहरुको आगामी प्रकृया अगाडी बढाउन तथा सूचना प्रकाशन गर्नको लागि भूमि समस्या समाधान समिति,जिल्ला समिति तौलिहवा,कपिलवस्तुलाई पत्राचार गर्ने निर्णय गरियो।

तपशिल :

पीताम्बर पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

धापा
नगर प्रमुख

(क) शिवराज नगरपालिकाका सम्पूर्ण वडाहरुबाट प्रमाणीकरण पश्चात स्थानीय तहस्तरीय भूमि समस्या सहजीकरण समितिबाट स्वीकृत ब्लक(Block) विवरणहरु

(ख) नापी टोली नं.४ मार्फत तयार गरिएको यस शिवराज नगरपालिका अन्तरगतका वडा नं.१,२,३,४,५,८,९ र ११ मा पर्ने वन/जंगल क्षेत्रको नक्सांकन(KML) विवरणहरु

(ग) यस कार्यालयबाट मिति २०८३।०६।०२ च.नं.४५४ को पत्रमार्फत वडा नं.११ लाई १३ जना (भूमिहिन दलित,भूमिहिन सुकुम्बासी) प्रमाणित गर्ने सम्बन्धमा लेखि पठाइएको र मिति २०८३।०६।०६ गते वडास्तरीय सहजीकरण समिति मार्फत प्रमाणित भइ आइसकेको विवरणहरुको सम्बन्धमा वडा नं. ११को कार्यालय मार्फत ७(सात) दिने दाबी विरोधको सूचना जारी पश्चात प्राप्त हुने विवरणहरु

निर्णय नं.५: विद्यालय भवन निर्माणका लागि आवश्यक बजेट सुनिश्चित गर्ने सम्बन्धमा : (क)शिवराज नगरपालिकाको चालु आ.ब.मा संचालन गरि कार्य सम्पन्न गर्नुपर्ने तपशिलका विद्यालयहरुका लागि पूर्वाधार निर्माण गर्न तपशिलमा उल्लिखित रकम सुनिश्चित गर्नुपर्ने भएको हुँदा नपुग रकम रु.९०,२३,८००।--आ.ब.०८३।०८४ को हिउँदे नगरसभाबाट सुनिश्चित गर्ने र सोही बमोजिम हाललाई ठेक्का प्रकृयामा लैजान निर्देशन दिने निर्णय गरियो।

तपशिल

क्र.सं.	विद्यालयको नाम	निर्माण गर्नुपर्ने भवन/संरचना	अनुदान किसिम	अनुमानित लागत	विनियोजित बजेट	सुनिश्चित गर्नु पर्ने बजेट
१	श्री सिद्धार्थ आधरभूत विद्यालय,खैरी शिवराज -५	४ कोठे भवन शौचालय सहित	संघीय सरकारबाट स्थानीय तहको सझेदारीमा भवन निर्माण	रु.९५,७३,३८०।-	रु.५५,००,०००।	रु.४०,७३,३८०।-
२	श्री रंगिलाल माध्यमिक विद्यालय,सडवा शिवराज -११	४ कोठे भवन शौचालय सहित	जि.स.स.बाट प्राप्त बजेट	रु.९४,१७,३७१।-	रु.५५,००,०००।	रु.३९,१७,३७१।-
३	श्री जनचेतना सामुदायिक माध्यमिक विद्यालय,लक्ष्मणपुर शिवराज -८	अधुरो भवन निर्माण	जि.स.स.बाट प्राप्त बजेट	रु. ६५,३३,०४८।-	रु.५५,००,०००।	रु.१०,४४,०४८।-
जम्मा				रु.२,५५,२३,८००।-	रु.१,६५,००,०००।-	रु.९०,२३,८००।-

निर्णय प्रमाणित

पितम्बर पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

शिवराज नगरपालिका नगर कार्यपालिकाको कार्यालय चन्द्रौटा,कपिलवस्तु लुम्बिनी प्रदेश

उदय थापा
नगर प्रमुख

(ख) विद्यालयलाई फर्निचर खरिद (समयथान मा.वि.,खरेन्द्रपुर,जनचेतना सा.मा.वि.,लक्ष्मणपुर, सिद्दार्थ आ.वि.,खैरी र रंगीलाल मा.वि.,सडवा)को लागि रकम रु.३१,००,०००।– (अक्षरुपी एकतिस लाख रुपैँया मात्र) आ.ब.०८३।०८४ को हिउँदे नगरसभाबाट विनियोजन हुने गरि रकम सुनिश्चित गर्ने र खरिद प्रकृयामा लैजाने निर्णय गरियो।

तपशिल

निर्णय नं.६ : विविध विषयहरु :

- **उपभोक्ता समिति दर्ता सम्बन्धमा :** सार्वजनिक खरिद नियमावलीको १६ औँ संशोधनले नियम ९७ मा उपभोक्ता समिति मार्फत काम गर्नुपर्दा प्रचलित कानून बमोजिम दर्ता भएको उपभोक्ता समितिबाट गराउने भन्ने प्रावधानको विषयमा छलफल हुँदा रु.१० लाख सम्म बजेट विनियोजन भएका(साझेदारी समेत गरेर ११ लाख) भित्रका योजना/कार्यक्रम संचालन गर्नको लागि उपभोक्ता समितिलाई वडा कार्यालयबाट दर्ता प्रमाणपत्र उपलब्ध गराएर मात्र योजना सम्झौता गर्ने र रु.१० लाख भन्दा बढी बजेट विनियोजन भएका योजना/कार्यक्रम संचालनको लागि नगरपालिकाको कार्यालयबाट दर्ता प्रमाणपत्र उपलब्ध गराएर साथै प्यान नं.समेत लिएका उपभोक्ता समितिबाट मात्र योजना/कार्यक्रम संचालन गर्ने गरि सो व्यवस्था कार्यान्वयनका लागि शिवराज नगरकार्यपालिकाले तयार गरेको स्थानीय तहको उपभोक्ता समिति गठन,परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि,२०७५ लाई आवश्यक संशोधन तथा थप गर्न विधेयक समितिबाट पारित भई आएको स्थानीय तहको उपभोक्ता समिति गठन,परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि(पहिलो संशोधन) २०८३ स्वीकृत गरि लागु गर्ने निर्णय गरियो।
- **स्वास्थ्य सेवाका कर्मचारीको बिदा,तलब र अन्य सम्बन्धमा :** आधारभुत अस्पताल(शिवराज नगर अस्पताल)को आर्थिक अपचलन सम्बन्धी अनुसन्धान एवं मुद्दाका सम्बन्धमा प्रहरी हिरासतको समय, फरार अवधि एवं सो पश्चात मुद्दा दायर गरी धरौटीमा रिहा भएकोमा प्रहरी हिरासतको समय,मुद्दा दायर गर्दाको समय र तत्पश्चात दायर अवधि सम्मका अवधिको विदा र दायर पछि धरौटीमा रिहा पश्चात नगरपालिकामा हाजिर हुन दिएको निवेदन एवं तलब भत्ता माग भएको सन्दर्भमा छलफल हुँदा रु.३८ लाख आम्दानी हिनामिना भएको,खरिद भएका औषधी,ल्याबका सामाग्री र मौज्दातमा फरक परेको परिस्थितिमा रु.३८ लाख असुलउपर,हिनामिना भएको रकम दाखिला र फरक परेका औषधी ल्याबको सामाग्रीको रकम लगायतको सम्पुर्ण हानीनोक्सानी असुल उपर नहुँदा सम्म स्थायी कर्मचारी चुडामणी भट्टराई र विरेन्द्र कुमार मिश्रलाई हाजिर एवं तलब भत्ता प्रदान हाललाई रोक्का गर्ने र यसैबिचमा अदालतबाट अन्य फैसला भए सोहि फैसला बमोजिम हुने गरि गर्ने निर्णय गरियो।

निर्णय प्रमाणित

अजय थापा
नगर प्रमुख

- **वित्तिय साक्षरता तथा मनोसामाजिक परामर्शकर्ता कक्षा संचालन सम्बन्धमा :** यस पालिकामा गत आ.ब.हरुदेखि नै विभिन्न वडाहरुमा वित्तिय साक्षरता तथा मनोसामाजिक परामर्शकर्ता कक्षा संचालन हुँदै आएकोमा यस आ.ब.मा उक्त कक्षा वडा नं.४ र ५ मा संचालन गर्ने निर्णय गरियो।

- **जोखिममा रहेका महिला तथा बालबालिकाहरुलाई आवश्यक संरक्षण र पुर्नस्थापनाका लागि सेवाहरुको नक्सांकन र सिफारिस संयन्त्र २०८३ सम्बन्धमा :** विधेयक समितिबाट पारित भइ आएको जोखिममा रहेका महिला तथा बालबालिकाहरुलाई आवश्यक संरक्षण र पुर्नस्थापनाका लागि सेवाहरुको नक्सांकन र सिफारिस संयन्त्र २०८३ लाई स्वीकृत गरि लागु गर्ने निर्णय गरियो।

- **गौशाला व्यवस्थापन केन्द्रको नविकरण गर्ने सम्बन्धमा :** शिवराज नगरपालिकाबाट छाडा पशु चौपाया व्यवस्थापनका लागिका लागि साविकमा सम्झौता गरिसकेको संस्था(पशु संरक्षण संस्था नेपाल,मिनभवन-३१,काठमाडौँ) संग पुन:सम्झौता नविकरण गर्ने,नविकरण गर्दा पूर्व सम्झौतामा उल्लेख गरिएको शर्त तथा रकम रु.१,०००।–(अक्षरुपी एक हजार मात्र) प्रति महिना प्रति चौपाया कायम राखी आर्थिक वर्ष २०८३।०८४ को श्रावण १ देखी अषाढ मसान्तसम्म लागु हुने गरि सम्झौता नविकरण गर्ने र सम्बन्धित वडाध्यक्ष र पशु सेवा शाखाको प्रतिवेदनका आधारमा भुक्तानी दिने निर्णय गरियो।

- **वडा मिलान सम्बन्धमा :** वडा नं.३ को मैनार,बुलकिया,मजगवा,हचवा र बलुहवा गाउँबाट वडाको केन्द्रसम्मको दुरी टाढा भएको र भौगोलिक कठिनाइ समेत रहेकोले वडाबाट प्रवाह हुने सेवा समेत वडाबासीलाई सहज रुपमा प्रदान गर्न कठिनाई भएको सन्दर्भमा मिति २०७४।०६।०४ गतेको प्रथम नगरसभाले गरेको निर्णयलाई नै आधार मान्दै पुन: सोही बमोजिम साविक शिवपुर गा.वि.स.९(हाल शिवराज-३) लाई अहिलेको शिवराज वडा नं.१ मा पर्ने गरि वडा मिलानको लागि जिल्ला समन्वय समितिको कार्यालय,तौलिहवा,कपिलवस्तु तथा अन्य आवश्यक निकायमा पुन: सिफारिस गर्ने निर्णय गरियो।

- **संचार र इन्धन सुविधा सम्बन्धमा :** कार्यालयबाट गत आ.ब.हरुबाट नै कर्मचारीहरुलाई प्रदान गरिदै आएको तपशिल बमोजिमको संचार र इन्धन वापतको सेवासुविधालाई यस आ.ब.०८३।०८४ मा समेत निरन्तरता दिने निर्णय गरियो।

  <u>तपशिल</u>

  - प्र.प्र.अ. लाई संचारवापत मासिक रु.२०००।
  - शाखा प्रमुख,स्वास्थ्य इन्चार्ज,वडासचिव,साविकमा संचार सुविधा लिँदै आइरहेका प्राविधिक कर्मचारी,दमकल चालक र एम्बुलेन्स चालकलाई संचार वापत मासिक रु.५००।–

निर्णय प्रमाणित
पीताम्बर पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

शिवराज नगरपालिका कार्यालय
घ.प्रा.ट.क.पिलवस्तु,
लुम्बिनी प्रदेश

अजय थापा
नगर प्रमुख

- शाखा प्रमुख,वडासचिव,स्वास्थ्य इन्चार्ज, प्रावधिक कर्मचारी तथा विगतमा ईन्धन सुविधा प्राप्त गर्दै आएका कर्मचारीहरुलाई मासिक – १० लि.पेट्रोल(सवारी लाइसेन्स तथा बिलबुकको आधारमा)
- सहायक कम्प्यूटर अपरेटरहरुलाई मासिक – ८ लि.पेट्रोल(सवारी लाइसेन्स तथा बिलबुकको आधारमा)
- साथै थप ईन्धन सुविधा प्राप्तिका लागि स्वीकृत माग फारमका आधारमा प्रदान गर्न सकिने।

- **LGPAS सम्बन्धमा :** यस नगरपालिकाको आ.ब.०८२।०८३ को स्थानीय शासन कार्यसम्पादन मूल्यांकन प्रणालीमा ५ वटा क्षेत्रमा जम्मा प्राप्त गरेको ७५ प्रतिशत अंकमा छलफल गरि उक्त प्राप्ताङ्क अनुमोदन गर्ने र जिल्ला समन्वय समितिको कार्यालय कपिलवस्तु लगायत सम्बन्धित निकायहरुमा पेश गर्ने निर्णय गरियो।

- **वडा नं. ९ को मोहि जग्गाको लगत कट्टा सम्बन्धमा :** वडा नं. ९ को कार्यालयबाट मिति २०८३।०५।२० च.नं.२४० को प्राप्त पत्र उपर छलफल गर्दा सो जग्गाको सम्बन्धमा थप अध्ययन अनुसन्धान जाँजबुझ गरि आगामी कार्यपालिका बैठकमा प्रतिवेदन पेश गर्न अमिन श्री रोशन नेपालीलाई जिम्मा दिने निर्णय गरियो।

- **दैनिक ज्यालादारीमा इलेक्ट्रिसियन हेल्पर नियुक्त गर्ने सम्बन्धमा :** यस कार्यालय र मातहतका कार्यालयहरुको विद्युतिय उपकरण मर्मत तथा पालिका क्षेत्रभित्र जडान भएका सडक बत्तीहरुको नियमित मर्मत सम्भार लगायतका कार्यको लागि सहयोग गर्न कार्यालय सहयोगी सरह सेवा सुविधा प्राप्त गर्ने गरि दैनिक ज्यालादारीमा १ जना इलेक्ट्रिसियन हेल्पर नियुक्तिको प्रकृया अगाडी बढाउने निर्णय गरियो।

निर्णय प्राप्तीत
पितास्वर पाण्डे
प्रमुख प्रशासकीय अधिकृत